

के तपाईको घर पानीले रसाएको छ ?

अब चिन्ता नगर्नुहोस् !

चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।

सम्पर्कः प्रगति ट्रेड कन्सर्न

रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिक)

०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा

कलर भिजिटिङ कार्ड साथै

तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा

सम्पर्कः

०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २३ ❑ अङ्क १३६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ जेठ १८ गते बुधबार ❑ 1 June 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## मृत्यु भएका २२ जनाकै शव काठमाडौँ ल्याइयो

**रासस**

**काठमाडौं, १७ जेठ**

प्रतिकूल मौसमका कारण आइतबार दिउँसो मुस्ताङको थासाङ गाउँपालिका-२ सानोसरेमा भएको तारा एयरको जहाज दुर्घटनामा परी मृत्यु भएका २२ जनाकै शव काठमाडौँ ल्याइएको छ ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलका महाप्रबन्धक प्रेमनाथ ठाकुरका अनुसार उक्त विमानमा ज्यान गुमाएका दश जनाको शव सोमबार साँझ ल्याइएको थियो भने बाँकी रहेका १२ जनाको शव अहिले नेपाली सेनाको एमआई १७ नामक हेलिकप्टरबाट काठमाडौँ ल्याइएको हो । उहाँका अनुसार काठमाडौँ ल्याएका शबहरू त्रिवि शिक्षण अस्पतालमा पठाइएको छ । २२ वटै शबहरुलाई त्रिवि शिक्षण अस्पतालमा पोस्टमार्टम गरेपछि आफन्तको जिम्मा लगाइने नेपाल नागरिक उड्डयन प्राधिकरणले जनाएको छ ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री प्रेमबहादुर आलेको निर्देशनमा मन्त्रालयले सोमबार नै विमान दुर्घटनाको छानबिन गर्न दुर्घटना जाँच आयोग समेत गठन गरेको छ । मन्त्रालयले वरिष्ठ एरोनटिकल इन्जिनियर रतिशचन्द्र लाल सुमन अध्यक्ष रहेको पाँच सदस्यीय दुर्घटना जाँच आयोग गठन गरेको हो । आयोगको सदस्यहरूमा क्याप्टेन दीपु ज्वार्चन, वरिष्ठ मेन्टिनेन्स इन्जिनियर उपेन्द्रलाल श्रेष्ठ, वरिष्ठ मौसमविद् मणिरत्न शाक्य र मन्त्रालयका सहसचिव बुद्धिसागर लामिछाने रहनुभएको छ । समुन्द्री सतहदेखि चार हजार मिटरभन्दा बढी उचाइमा रहेको घटनास्थलमा अझैपनि कुहिरो लागेको बताइएको छ । आइतबार मानापाथी हिमालको फेदीमा रहेको पहाडमा जहाज ठोक्किएर टुक्राटुक्रा परेको अवस्थामा सोमबार बिहान फेलापरेको थियो ।

पोखराबाट आइतबार बिहान ९:५५ बजे जोमसोमका लागि उडेको तारा एयरको ९ एनएइटी कलसाइन भएको उक्त विमान बिहान १०:०७ बजे जोमसोम विमानस्थलको टावरबाट सम्पर्क विच्छेद भएको थियो । जहाजमा चालक दलका तीनजना क्याप्टेन प्रभाकर घिमिरे सहचालक उत्सब पोखेल, परिचालिका किस्मि थापासहित नेपाली नागरिक इन्द्रबहादुर गोले, पुरुसोत्म गोले, राजनकुमार गोले, बसन्त लामा, गणेशनारायण श्रेष्ठ, रबिना श्रेष्ठ, रश्मी श्रेष्ठ, रोजिना श्रेष्ठ, प्रकाश सुनुवार, मकरबहादुर तमाङ, राममाया तमाङ, सुकमाया तमाङ, तुलसादेवी तमाङ रहनुभएको थियो । यस्तै जहाजमा भारतीय नागरिकमा भाइ भाइ बन्देकर, अशोककुमार त्रिपाठी, धनुश त्रिपाठी, रितिका त्रिपाठी रहनुभएको थियो ।

यसैगरी जर्मन नागरिकमा मेकग्रीफ्ट ग्राफ तथा वइ वइल्नर सवार रहेको नेपाल नागरिक उड्डयन प्राधिकरणले जनाएको छ ।

## जहाज दुर्घटनाबाट होटल संघ दुःखित

**पोखरापत्र संवाददाता**

**पोखरा, १७ जेठ**

पोखरा-जोमसोम उडानको क्रममा यही जेठ १५ गते भएको तारा एयरको जहाज दुर्घटनाप्रति होटल संघ पोखरा, नेपालले दुःख व्यक्त गरेको छ ।

संघका अध्यक्ष लक्ष्मण सुवेदीले मंगलबार एक शोक विज्ञप्ति जारी गरी दुर्घटनाको क्रममा यात्रु र चालक दलका सदस्य सहित ज्यान गुमाएका २२ जनाप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रटक गरेका छन् । तारा एयरको नाइनएन-एईटी कल साइन भएको ट्वीनअटर विमान पोखरा विमानस्थलबाट बिहान ९.५५ बजे उडान भरेको १२ मिनट पछि मुस्ताङको थसाङ गाउँपालिका- २ मानापाथी हिमालको फेदीमा दुर्घटनाग्रस्त हुँदा विमानमा सवार सबैको घटनास्थलमा नै निधन भएको नेपाल नागरिक उड्डयन प्राधिकरण खोज तथा उद्धार समन्वय केन्द्रले जनाएको छ । संघको विज्ञप्तिमा भनिएको छ-यसप्रकारको हवाई दुर्घटनाले नेपालको हवाई सेवाको विश्वसनीयता माथि प्रश्न उठ्न सक्ने मात्र नभई पर्यटकीय गतिविधिमा समेत नकारात्मक असर पर्न सक्छ ।

अतः जहाजको प्राविधिक तथा मौसमको अवस्थाबारे विशेष ख्याल गर्दै हवाई सेवालाई सुरक्षित र भरदो बनाउनेतर्फ सम्बन्धित सबैको ध्यानाकर्षण गराउन चाहान्छौं ।

## पोउवा संघमा सुर्खेत उवा संघको प्रतिनिधिमण्डल

**पोखरापत्र संवाददाता**

**पोखरा, १७ जेठ**



पोखरा र सुर्खेत उद्योग वाणिज्य संघबीच निजी क्षेत्रका साझा एजेण्डा सँगै अगाडि बढाउने र पर्यटन क्षेत्रमा सहकार्य गर्ने सहमति बनेको छ ।

पोखराले सुर्खेत उद्योग वाणिज्य संघको प्रतिनिधिमण्डलको स्वागतमा मंगलबार आयोजना गरेको अन्तर्क्रिया कार्यक्रममा सो सहमति बनेको हो ।

कार्यक्रममा बोल्दै नेपाल उद्योग वाणिज्य महासंघ गण्डकीका अध्यक्ष संजिवबहादुर कोइरालाले पालिकाहरुमा आएका नयाँ जनप्रतिनिधिहरुले निजी क्षेत्रसँग भएको ज्ञान,सीप र पूँजीलाई राष्ट्र निर्माणमा लगाउनुपर्नेमा जोड दिए । यसअघि पालिका राजनीतिक दलहरुबाट आएका पालिका प्रमुखहरुले विचार नमिलेकै आधारमा उद्योग वाणिज्य संघको नेतृत्वसँग सहकार्य गर्न नखोजेको तीतो अनुभव सुनाउँदै उनले निजी क्षेत्रलाई काम गर्ने वातावरण निर्माण पालिकाहरुको समुन्नति पनि सम्भव नभएको बताए ।

पोखरा उद्योग वाणिज्य संघ तथा कार्यक्रमका अध्यक्ष नारायण कोइरालाले पोखराको समग्र विकासमा निजी क्षेत्रले पुऱ्याएको योगदानको स्मरण गर्दै संघ समृद्धिमा सहकार्य गर्न तयार रहेको बताए । पछिल्लो समय पोखरामा देखिएका पार्किङ, फोहरमैलाव्यवस्थापनलगायतका समस्याहरुको समाधान एवं पोखरा अन्तर्राष्ट्रिय विमानस्थल संचालनतर्फ पालिकाको नयाँ नेतृत्वले ध्यान दिनुपर्ने उनको धारणा थियो ।

निजी क्षेत्र सदैव सहकार्यको पक्षमा रहेको उल्लेख गर्दै उनले निजी क्षेत्रको मानमर्दन गर्ने प्रवृत्ति भने रोकिनुपर्नेमा जोड दिए । पोखरा र सुर्खेत भौगोलिक रुपले एकै खालको रहेको र फेवालाई रारासँग जोड्न सके समृद्धि प्राप्त हुने उनको तर्क थियो ।

सुर्खेत उद्योग वाणिज्य संघका अध्यक्ष लक्ष्मण कँडेलले समग्र कर्णालीको विकासको लागि सुर्खेतले पोखरासँग सहकार्य गर्न खोजेको बताए । रारा तालको बजारीकरण र सो क्षेत्रमा रहेका जडिबुटीको प्रशोधनतर्फ संघले ध्यान दिएको जानकारी दिँदै उनले सुर्खेत र पोखराबीच सहकार्यमा विशेष जोड दिए । पोखरा उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष पवनकुमार प्रजापतिको धन्यवाद ज्ञापन तथा महासचिव सुरेन्द्रमान विजुक्छेको संचालन रहेको कार्यक्रममा सुर्खेत उद्योग वाणिज्य संघका निवर्तमान अध्यक्ष धनबहादुर रावतलगायतले मन्तव्य राखेका थिए ।

## क्षतिग्रस्त बनेको नौ महिनापछि नहर तथा कुलो निर्माण थालिने

**पोखरापत्र संवाददाता**

**पोखरा, १७ जेठ**

बेगनास सिँचाइ प्रणालीअन्तर्गत गत वर्षको बाढीका कारण क्षतिग्रस्त बनेको पोखरा महानगरपालिका-३२ स्थित भुनभुने खण्डको नहर तथा कुलो नौ महिनापछि निर्माण कार्य अघि बढाइएको छ ।

गत वर्ष भदौ ८ गतेको बाढीले पूर्णरूपमा क्षति बनाएको नहर तथा कुलो निर्माणका लागि स्थानीयवासी एवं उपभोक्ता समूहको निरन्तरको दबाबपछि निर्माणको काम बढाइएको हो । निर्माण कार्यको एक कार्यक्रमका बीच गण्डकी प्रदेशका ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री हरिशरण आचार्यले आज



शुभारम्भ गर्नुभयो । कार्यक्रममा मन्त्री आचार्यले गत वर्ष बजेट बनिसकेका अवस्थामा कुलो तथा नहर भत्केको र फागुनपछि मात्र रकमान्तर गर्न सकिने लगायतका कारण निर्माण चाँडो सुरु हुन नसकेको बताउनुभयो । निर्माण सम्पन्न गर्न रु दुई करोड ४० लाख लाग्ने भए पनि तत्काल पानी चलाउनका लागि हाल रु एक करोड ३० लाख निकासा गर्ने गरी तयारी गरिएको उहाँले जानकारी दिनुभयो । निर्माणका लागि स्थानीयवासी, स्थानीय तह सबैको साथ र सहयोग आवश्यक हुने उहाँले बताउनुभयो ।

सिँचाइ डिभिजन कार्यालय पोखराका प्रमुख किरण आचार्यले यही असार मसान्तसम्म नहर तथा कुलोमा पानी चल्ने गरी काम गर्ने लक्ष्य राखिएको बताउँदै यसका लागि सबैको सहयोग आवश्यक हुनेमा जोड दिनुभयो ।

कार्यक्रममा पोखरा-३२ का वडाध्यक्ष अक्कलबहादुर कार्की, नेपाली कांग्रेसका क्षेत्रीय सभापति राजेन्द्रमणि लामिछाने, बेगनास सिँचाइ प्रणाली उपभोक्ता मूल उपभोक्ता समितिका अध्यक्ष पुष्पराज भण्डारी, निर्माण उपभोक्ता समितिका अध्यक्ष घनश्याम तिवारी, निवर्तमान वडासदस्य विष्णुप्रसाद तिवारीलगायतले निर्माण समयमा नै सम्पन्न गर्न नसकेमा ठूलो क्षेत्रफलको जग्गा बाँझै रहने भएकाले गुणस्तरीयतासँगै चाँडो सम्पन्न गर्ने गरी काम हुनुपर्ने बताउनुभयो ।

## नेपालमा सुर्तिजन्य पदार्थको सेवनबाट वार्षिक २७ हजारको मृत्यु

**रासस**

**काठमाडौं, १७ जेठ**

नेपालमा सुर्तिजन्य पदार्थको सेवनबाट वार्षिक करिब २७ हजार मानिसको मृत्यु हुने गरेको पाइएको छ ।

राष्ट्रिय स्वास्थ्य शिक्षा सूचना तथा सञ्चार केन्द्रका निर्देशक सुनिलराज शर्माले मंगलबार विज्ञप्ति जारी गर्दै नेपालमा हरेक वर्ष २७ हजार १३७ मानिसको मृत्यु सुर्तीजन्य पदार्थको सेवनका कारण हुने गरेको जनाउनुभयो । जुन सङ्ख्या नेपालको जम्मा मृत्युको करिब १५ प्रतिशत हो ।

विश्वमा वार्षिक ८० लाख मानिसको मृत्यु सुर्तीजन्य पदार्थको सेवनको कारण हुन्छ । जसमध्ये ७० लाख प्रत्यक्ष सुर्तीजन्य पदार्थको सेवन र १२ लाखसँगै बस्नेले खाएको चुरोटको धुवाँको असरका कारणले मृत्यु हुने तथ्याङ्कले देखाएको छ । सुर्तीजन्य पदार्थको सेवनले क्यान्सर, मुटु रोग, दीर्घ श्वासप्रश्वाससम्बन्धी रोग र मधुमेह रोग लाग्ने गर्दछ । सुर्तीजन्य पदार्थको असरलाई न्यूनीकरण गर्न नेपालमा सुर्तीजन्य पदार्थ नियन्त्रण र नियमनसम्बन्धी ऐन, कानुन र निर्देशिका पारित भई लागू भइसकेको जनाइएको छ ।

“आम जनताको सु-स्वास्थ्य सुनिश्चित गर्न, सुर्तीजन्य पदार्थ नयाँ सेवनकर्ताको दरमा कमी ल्याउन र अमलीहरूलाई लतबाट छुटाउन विभिन्न अभियान र कार्यक्रमसमेत भइरहेका छन्,” उहाँले जारी गर्नुभएको विज्ञप्तिमा भनिएको छ, “तर सुर्ती उद्योगको हस्तक्षेप र उनीहरूको रणनीतिले चुनौती भने यथावत् नै रहेको अवस्था छ । हाल प्रचलित ई-सिग्रेट, सिसा, हुक्कालगायतका सुर्तीजन्य पदार्थका आधुनिक र परिस्कृत रुपलाई समेट्ने गरी वृहत तरिकाले कार्यक्रम सञ्चालन गर्न समेत आवश्यक देखिन्छ ।”

हरेक वर्ष आज विश्व सुर्तीजन्य पदार्थरहित दिवस मनाउने गरिन्छ । “सुर्तीजन्य पदार्थ त्यागौँ, स्वास्थ्य र वातावरण जोगाऔँ रहेको छ” भन्ने नाराका साथ मनाइने गरिएको छ । सुर्तीजन्य पदार्थको सेवनले मानव स्वास्थ्यमा मात्र नभइ सबै वातावरणमा नै असर गर्ने भएकोले यसलाई त्याग्नु वा सेवन नगर्नु नै सबैभन्दा उत्तम उपाय रहेको उहाँले विज्ञप्तिमा जनाउनु भएको छ । सुर्तीजन्य पदार्थले प्रत्यक्षरूपमा मानिसको स्वास्थ्यमा असर गर्नुको साथै वातावरणमा पनि गम्भीर असर गर्ने गरेको जनाइएको छ ।

सुर्तीजन्य पदार्थको खेती, उत्पादन, सेवनका कारण निम्त्याउने वातावरणीय प्रभावलाई न्यूनीकरण गर्न सुर्तीजन्य पदार्थरहित दिवसलाई वर्षैभरि अभियानको रूपमा सञ्चालन गर्नुपर्ने उहाँको भनाइ छ । सुर्तीजन्य पदार्थको खेती र उत्पादन गर्ने क्रममा, प्रयोग/सेवन गर्दा र प्रयोग पश्चातका फोहोरले पानीका स्रोत, माटो, वायु र सहर नै प्रदूषित भइरहेको अवस्था छ ।

विश्वमा हरेक वर्ष ३५ लाख हेक्टर जमिन सुर्ती खेतीका लागि नष्ट गरिन्छ । सुर्ती खेतीका कारण वन फँडानी हुने र माटोको उपादकत्वमा समेत ह्रास हुने गरेको पाइएको छ । “सुर्तीजन्य पदार्थको उत्पादनका क्रममा निस्कने विभिन्न विषाक्त ग्यासका कारण जलवायु परिवर्तन पनि भइरहेको बताइएको छ,” विज्ञप्तिमा भनिएको छ, “त्यसैले सुर्तीजन्य पदार्थको उत्पादन र सेवन दुवै कुरालाई निरुत्साहित गर्नु अति नै आवश्यक छ ।” विश्वमा उत्पादन गरिने सुर्तीजन्य पदार्थमध्ये ९० प्रतिशत विकोसोन्मुख देशमा उत्पादन गरिन्छ ।

न्यून तथा मध्यम वर्गीय देशका किसान तथा सरकारले सुर्तीजन्य पदार्थ उत्पादनलाई राम्रो आयस्रोतको रूपमा लिएको देखिए पनि उनीहरूले भविष्यमा यसले निम्त्याउने गम्भीर समस्या जस्तैः खाद्य असुरक्षा, रोग, गरिबी र वातावरणीय असरबारे भने सचेत नभएको पाइन्छ ।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस

नयाँबजार, पोखरा

फोन नं. : ०६१-५७०६५१

का.जि.द.नं. ५६/०५६ प.क्षे.हु.द.नं. ३/०६३/०६४


# कालीगण्डकी डाइभर्सनको विरुद्ध फेरि आन्दोलन

प्रकाश डोटेल
स्याङ्जा, १७ जेठ

कालीगण्डकीको पानी राम्दीबाट डाइभर्सन गरी रुपन्देहीको तिनाउ नदिमा लैजाने योजना विरुद्ध चापाकोट र रामपुरका जनप्रतिनिधिहरु फेरि आन्दोलनमा लागेका छन् । सरकारले आर्थिक वर्ष २०७९/०८० को लागि सार्वजनिक गरेको बार्षिक बजेटमा कालीगण्डकी राम्दी-तिनाऊ डाइर्भसनको अध्ययन कार्य अगाडि बढाउने उल्लेख गरेपछि उनीहरु आन्दोलनमा लागेका हुन् ।

आन्दोलन स्वरुप स्याङ्जाको चापाकोटका नगरप्रमुख ईश्वर खाँण र पाल्पाको रामपुरका नगरप्रमुख रमण थापाले परियोजनाको बिरोध गरेका छन् । नगर प्रमुखद्धयको नेतृत्वको टोलीले प्रधानमन्त्री तथा काँग्रेस सभापति शेरबहादुर देउवालाई र उर्जा तथा सिंचाइ मन्त्री पम्फा भूषाललाई ध्यानाकर्षण पत्र बुझाउँदै परियोजना अगाडि नबढाउन आग्रह गरेका छन् । प्रधानमन्त्री तथा सभापति देउवालाई काँग्रेस उपसभापति धनराज गुरुङ मार्फत ध्यानाकर्षण-



पत्र बुझाइएको हो । ध्यानाकर्षण-पत्र बुझ्दै उपसभापति गुरुङले आफु परियोजनाको विपक्षमा रहेको स्पष्ट पार्दै प्रधानमन्त्री तथा सभापति देउवालाई पनि आफुले यसलाई अगाडि नबढाउन आग्रह गरेको जानकारी दिए ।

परियोजनाबाट राम्दीदेखि तल्लो स्याङ्जा, पाल्पा, तनहुँ र नवलपुर क्षेत्रका लाखौं बासिन्दालाई अन्याय हुने र विस्थापित हुनुपर्ने अवस्था सृजना हुने उनले बताएका छन् । एकातिर अन्याय गरेर अर्कोतिर हराभर गराउने परियोजना अगाडि बढाउन नहुनेमा गुरुङले जोड दिएका छन् ।

दुबै नगरप्रमुख टोलीको ध्यानाकर्षण-पत्र बुझ्दै उर्जामन्त्री भूषालले पनि परियोजना अगाडि नबढ्ने कुरामा ढुक्क हुन आश्वस्त पारेकी छन् । उनले आफूपनि परियोजनाका बारेमा पर्याप्त जानकार रहेकाले परियोजनाको आवश्यकता, औचित्य र सान्दर्भिकता नरहेको स्पष्ट पारिन् । ध्यानाकर्षण-पत्रमा आयोजना अगाडि बढाउँदा कालीगण्डकीको राम्दी भन्दा तल्लो तटीय क्षेत्रका बासिन्दाको दैनिकीदेखि सांस्कृतिक, धार्मिक र वातावरणीय लगायत मानव सभ्यता सहित विविध पक्षमा नकारात्मक असर पर्ने उल्लेख गरिएको छ । क्षेत्रीय विकासको अवधारणा विपरीतको कार्य हुने र विकासका नाममा विनाशको परियोजना भएकोले ध्यानाकर्ष-पत्रमा लागत, उपलब्धी एवं तटीय क्षेत्रका बासिन्दाको भौगोलिक आवश्यकता लगायतका आधारमा अनुपयुक्त परियोजना भएकोले यो परियोजना खारेजीको माग गरिएको छ । स्थानीयको आग्रह विपरित परियोजनालाई कार्यान्वयमा लगेमा चरणबद्ध आन्दोलन अगाडि बढाउने बाध्य हुने चेतावनी समेत दिइएको छ । उनीहरुले डाइभर्सनको सट्टा तटीय क्षेत्रका उर्बर भूमि सिंचित गर्ने मेघा परियोजना घोषणा गर्नुपर्ने माग गरेका छन् । विगतमा पनि सरकारले परियोजनालाई अगाडि बढाउन खोजेकोमा प्रभावित क्षेत्रका बासिन्दाको विरोधले काम रोकिएको थियो । त्यसैबीच सर्वोच्च अदालतमा परियोजना विरुद्धको मुद्दा विचाराधीन छ । किनारा नलागेको मुद्दामा विचाराधीन परियोजनालाई अगाडि बढाउन खोज्नु आफैमा न्यायिक जनसरोकारको हित विपरीत हुने उनीहरुको भनाई छ ।

# नेपाल राष्ट्र बैक पूर्व कर्मचारी संघको २९ औं स्थापना दिवस

पोखरापत्र संवाददाता
पोखरा, १७ जेठ

नेपाल राष्ट्र बैक पूर्व कर्मचारी संघको २९ औ स्थापना दिवस मंगलवार सम्पन्न भयो ।

नेपाल राष्ट्र बैक पूर्व कर्मचारी संघ शाखा समिति पोखराको आयोजनामा स्थापना दिवस मनाइएको हो । नेपाल राष्ट्र बैक पोखरा कार्यालयका कार्यवहाक निर्देशक प्रतिमा अधिकारीले हरेक कर्मचारीहरु एक आपसमा मिलेर अगाडि बढ्ने धारणा राखिन् । नेपाल राष्ट्र बैक पूर्व कर्मचारी संघका पोखरा शाखाको अध्यक्ष माधवप्रसाद सिग्देलको अध्यक्षतामा भएको कर्यक्रममा नेपाल राष्ट्र




वैक पूर्व कर्मचारी संघका पूर्व सभापति एवं सल्लाहकार मान बहादुर भूजेल, नेपाल राष्ट्र बैक कर्मचारी संघका उपाध्यक्ष विजया गौतम, नेपाल राष्ट्र वैक पोखरा शाखा समितिका सभापति दलवहादुर थापा लगायत वोलेको कर्याक्रममा नेपाल राष्ट्र वैक पूर्व कर्मचारी संघ पोखरा शाखाका उपाध्यक्ष मुक्तिनाथ चालिसेले स्वागत गरेको कार्यक्रममा मात्रिका घिमिरेले सहाजी करण गरका थिए ।

# जिल्ला फेन्सीङ संघ कास्कीको बरिष्ठ उपाध्यक्षमा गुरुङ

पोखरापत्र संवाददाता
पोखरा, १७ जेठ

कास्की जिल्ला फेन्सिङ संघको हालै वसेको नियमित पुर्ण बैंठकले रामबहादुर गुरुङलाई बरिष्ठ उपाध्यक्ष पदमा मनोनित गरेको छ ।

बरिष्ठ उपाध्यक्ष पदमा मनोनित भएका गुरुङलाई मंगलबार एक कार्यक्रमको आयोजना गरी मनोनयन पत्र प्रदान गरी पदास्थापना गरिएको थियो । पदास्थापना कार्यक्रममा फेन्सिङ संघ नेपालका केन्द्रिय



उपाध्यक्ष तथा जिल्ला अध्यक्ष विजय शाहीले गुरुङलाई संघमा आवद्ध गराउँन पाउँदा अत्यन्तै खुशी लागेको वताए । केन्द्रिय सदस्य तथा कास्की जिल्ला सल्लाहकार रेखमाया गुरुङ, कास्कीका सल्लाहकार पत्रकार कृष्ण रानाभाट, उपाध्यक्ष छवी गुरुङ, सचिव सन्दिप वराल, कोषाध्यक्ष निशान कार्की, सदस्य चिजा गुरुङलगाएत खेलाडिहरुले खादा लगाएर बरिष्ठ उपाध्यक्ष राम गुरुङलाई सम्मान गरेका थिए ।

संघका अध्यक्ष विजय शाहीको अध्यक्षतामा भएको कार्यक्रममा खेलाडी दिपिसा गुरुङले स्वागत र संचालन सचिव सन्दिप वरालले गरेका थिए ।

# मौसम सफा नभई उडान अनुमति नदिने प्राधिकरणको निर्णय

रासस
काठमाडौं, १७ जेठ

नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान)ले मौसम सफा नभई आन्तरिक उडानका लागि अनुमति नदिने भएको छ ।

तारा एअरको विमान दुर्घटना भएसँगै हवाई दुर्घटनाको जोखिम न्यूनीकरणका लागि प्राधिकरणले इन रुट अर्थात् विमान उड्ने र पुग्ने स्थान उडान मार्गको मौसम अनुकूल नभएसम्म उडान अनुमति नदिने निर्णय गरेको हो । मौसम खराबीले तारा एयरको ट्वीनअटर विमान दुर्घटनामा परेको प्राधिकरणले प्रारम्भिक निष्कर्ष निकालेको थियो । नेपाल नागरिक उड्डयन प्राधिकरणका उपमहानिर्देशक एवं प्रवक्ता देवचन्द्रलाल कर्णले इनरुटको मौसम सफा नभएको अवस्थामा उडानको अनुमति नदिने निर्णय गरिएको जानकारी दिनुभयो । उहाँका अनुसार यस्तो निर्णय भिएफआर (भिजुअल फ्लाइट रुल्स) बाट उडान गर्ने विमान र विमानस्थलका लागि मात्रै लागू हुनेछ । पहिले विमान उड्ने विमानस्थल र विमान पुग्ने विमानस्थलको मौसम सफा भएमा प्राधिकरणले उडान अनुमति दिने गरेकोमा अब इनरुट मौसम पनि सफा हुनुपर्ने निर्णय गरिएको र यसले यसले हवाई दुर्घटना कम गर्न मद्दत गर्ने विश्वास लिइएको छ ।

# पोखरा विमानस्थलमा तेलको ट्याङ्कर पल्टिँदा उडान रोकियो

पोखरापत्र संवाददाता
पोखरा १७ जेठ

पोखरा विमानस्थलमा जहाजमा तेल हाल्ने 'रिफ्युलर' ट्याङ्कर पल्टिँदा विमानस्थलबाट हुने सबै उडान रोकिएको छ । पोखरा विमानस्थलका प्रवक्ता देवराज सुवेदीले बिहान हवाईजहाजमा तेल हाल्न जाने क्रममा ट्याङ्कर पल्टिएपछि विमानस्थलबाट हुने सबै उडान प्रभावित बनेको जानकारी दिनुभयो ।

आयल निगमको डिपोबाट तेल हाल्न जाने क्रममा विमानस्थलमै 'रिफ्युलर' ट्याङ्कर पल्टिएको हो । अहिले क्रेनको सहायताले उठाउने काम भइरहेको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "रिफ्युलर' ट्याङ्कर पल्टिएकाले अहिले यहाँबाट हुने सम्पूर्ण उडान रोकिएको छ । क्रेनको मद्दतमा त्यसलाई हटाउन सुरु गरेका छौं, आधा घण्टापछि सञ्चालन होला ।" ट्याङ्कर उठाएर विमानस्थलमा पोखिएको तेल सफा गरेपछि उडान सञ्चालन हुने बताइएको छ ।

# गोरखाका स्थानीय तहलाई चार अर्ब ५५ करोड

पोखरापत्र संवाददाता
गोरखा, १७ जेठ

गोरखा जिल्लाका ११ स्थानीय तहलाई सङ्घीय सरकारबाट रु चार अर्ब ५५ करोड ६ लाख बजेट विनियोजन भएको छ ।

जिल्लाका दुई नगरपालिका र नौ गाउँपालिकालाई केन्द्र सरकारले आर्थिक वर्ष २०७९/८० का लागि बजेट बाँडफाँट गरेको हो । जसमा गोरखा नगरपालिकालाई रु ६३ करोड ६ लाख बजेट विनियोजन गरिएको जनाइएको छ । त्यस्तै पालुङ्टार नगरपालिकालाई कूल ५७ करोड ६७ लाख बजेट उल्लेख भएको नगरप्रमुख विवश चिन्तनले जानकारी दिनुभयो । केन्द्र सरकारले दुई नगरपालिकालाई मात्र रु एक अर्ब २० करोड ६९ लाख बजेट विनियोजन गरेको छ । जिल्लाका नौ पालिकामध्ये सिरानचोक गाउँपालिकाले रु ४५ करोड ८७ लाख समपूरक बजेट प्राप्त गरेको छ ।

त्यसबाहेक अजिरकोट गाउँपालिकालाई आगामी वर्षका लागि रु ३० करोड २४ लाख, आरुघाट गाउँपालिकाले रु ४० करोड ४८ लाख बजेट प्राप्त गरको छ । जिल्लाको गण्डकी गाउँपालिकाले रु ४५ करोड केन्द्रबाट समपूरक बजेट प्राप्त गरेको छ । जिल्लाको सबैभन्दा विकट गाउँपालिकाका रूपमा रहेको चुमनब्री गाउँपालिकालाई सबैभन्दा कम १९ करोड ८२ लाख विनियोजन भएको छ । त्यस्तै धार्चे गाउँपालिकाले रु २७ करोड ७४ लाख, भीमसेन थापा गाउँपालिकाले रु ३९ करोड १५ लाख प्राप्त गरेको छ भने बारपाक गाउँपालिकालाई रु ४० करोड ३० लाख छुट्याइएको छ । जिल्ला नौ गाउँपालिकालाई मात्र केन्द्र सरकारले आगामी आर्थिक वर्षका लागि समपूरक बजेटअन्तर्गत कूल रु तीन अर्ब ३४ करोड ३३ लाख विनियोजन गरेको छ ।

# सात वर्षमा पोखरा-जोमसोम रुटमा तारा एयरको दुई ठूला दुर्घटना

रासस
बेनी, १७ जेठ

पोखरा-जोमसोम रुटमा उडान भर्दै आएको तारा एयरका विमान सात वर्षमा दुई ठूला दुर्घटनामा परेका छन् ।

आइतबार पोखराबाट बिहान ९:५५ बजे उडेको २२ जना सवार तारा एयरको ९ एनएइटी ट्वीनअटर जहाज मुस्ताङको थासाङ गाउँपालिका-२ कोबाङस्थित सानुसरेमा दुर्घटनामा परेको थियो ।

प्रतिकूल मौसम र भौगोलिक कठिनाइका कारण जहाज दुर्घटनामा परेको एक दिनपछि मात्रै हिमालको फेदीको सानुसरेमा जहाज ठोक्किएर दुर्घटना भएको घटनास्थल पत्ता लागेको थियो । दुर्घटनामा चालक दलसहित २२ जनाको मृत्यु भएको छ । जोमसोम विमानस्थल नपुग्दै कोबाङको सानुसरे डाँडोमा ठोक्किएर दुर्घटनामा परेको विमानमा सवार सबैको शव सङ्कलन गरी काठमाडौं पठाइएको छ । तारा एयरको यसअघि २०७२ फागुन १२ गते तारा यएरको ९-एनएएचएच ट्वीनअटर विमान म्याग्दीको अन्नपूर्ण गाउँपालिका-३ दानाको सोलीघोप्टे भिरमा दुर्घटना भएको थियो । उक्त दुर्घटनामा दुई विदेशी नागरिक र चालक दलका तीनसमेत गरी २३ जनाको मृत्यु भएको थियो । सात वर्षको अवधिमा आइतबार भएको दोस्रो दुर्घटना हो । त्यसैगरी २०७३ भदौ ३ गते जोमसोमबाट पोखराका लागि उडान भर्न लागेको तारा यएरकै ९ एमइक्यु ट्वीनअटर विमान धावनमार्गमा पाङ्ग्रा नखुलेपछि कालीगण्डकी नदीमा खसेको थियो ।

पोखरा-जोमसोम रुटमा उडान भर्ने विमानले म्याग्दीको घोरेपानीसम्म पोखराको टावर र लेतेमाथिको आकाशदेखि जोमसोमसम्म जोमसोम विमानस्थलको टावरसँग सम्पर्क हुने भए पनि पहाड र हिमालको अवरोधका कारण घोरेपानीदेखि लेतेको आकाशसम्म विमान दुवैतर्फको सम्पर्कबाट विच्छेद हुन्छन् । योबीचको दूरी पार गर्न विमानलाई पाँचदेखि छ मिनेट लाग्ने गर्छ । दुवैतर्फको टावरबाट विच्छेद हुने 'बफर जोन'को यही मार्गमा धौलागिरि र अन्नपूर्ण हिमालको बीच भएर विमानले उडान भर्नुपर्छ ।

प्यारालाइसिसका बिरामीको उपचार
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।
प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।
लक्षणहरू :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।
सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरुषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।
महिलाहरूमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
मलद्धार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८
नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

म जति धेरै अभ्यास गर्छु त्यति भाग्यमानी ठहरीनेछु।
- जर्ज बार्वर

**सम्पादकीय**

# सुविधा फिर्ता लेऊ

गण्डकी प्रदेश सरकारले पुर्व मुख्यमन्त्री, प्रदेश प्रमुख, सभामुख लगायतका पुर्व पदाधिकारीलाई के सुविधा र सुरक्षा दिन सकिन्छ भनेर सुझाव दिन कार्यदल गठन गरेको छ।मन्त्रिपरिषद बैठकले तीन जना सचिव रहेको कार्यदल गठन गरेको निर्णय सार्वजनिक भए पछि वहस शुरु भएको छ । पाँच महिनापछि कार्यकाल सकिन लागेको हुँदा अहिल्यै पुर्व पदाधिकारीको लागि सेवा सुविधाको जोहो गरेन खोजेको आरोप लगाउने गरिएको छ। देशको आर्थिक अवस्था कमजोर भएको बेला पुर्व पदाधिकारीलाई सुविधा दिलाउने चर्चा हुनुले नागरिक तहमै विवाद देखिएको छ। संघीयताको विरोध गर्नेले प्रदेश अनावश्यक ठानेको बेला सुविधा दिने उदेश्य राखेर कार्यदल बनाउनु वलेको आगोमा घ्यू थप्नु हो । पाँच दलीय गठबन्धनका कास्की जिल्लाले पुर्व पदाधिकारीलाई सुविधा दिने काम नगर्न सचेत गराएको छ।नागरिक संस्था र राजनीतिक दलका भातृ संगठनले विरोध गरेका छन ।

प्रमुख प्रतिपक्षी दलले आधिकारिक विरोध नगरेपनि प्रदेश सभा बैठकमा सदस्यहरुले विरोध जनाएका छन।बाहिर हेर्दा पुर्व पदाधिकारी देखाएर मिलिजुली सुविधा लिन सबै दल सहमत भएका त होइनन् भन्ने प्रश्न खडा भएको छ । पहिला पनि निवर्तमान मुख्यमन्त्रीलाई सुविधा दिने निर्णय गरेर विवादमा तानिएको सरकारले पछि प्रस्ताव फिर्ता लियो । एक जना मुख्यमन्त्रीको सुविधा दिने निर्णय फिर्ता लिएपनि अर्को तरिकाले धेरैलाई सुविधा दिएर खुशी बनाएको छ। सत्ता टिकाउन कसरी राज्यकोषको दुरुपयोग गर्न सकिन्छ भन्ने प्रदेश सरकारले सुविधा दिएको छ। साना दल र स्वतन्त्र सांसदलाई सुविधा दिएर सत्ता टिकाउने काम भएको छ । जनताले स्थीर सरकार बनोस् भनेर दिएको जनादेश लत्याएर अस्थिरता ल्याउन रमाउने शक्ति हावी हुन थालेका छन । गण्डकी प्रदेश सरकारले राष्ट्रिय दलको मान्यता नपाएका साना दललाई सेवा सुविधा दिन ऐन परिवर्तन गर्ने निर्णय गरेको छ।

संविधानमा उल्लेखित 'थ्रेसहोल्ड' कटाउन नसकेका कारण राष्ट्रिय दलको मान्यता पाउन नसकेकालाई पनि सेवा सुविधा दिन सजिलो हुने गरी सरकारले ऐन परिवर्तन गर्न तयार भएको छ । विधिको शासन, सुशासनको नारा दिएर सत्तामा पुगेपछि काङ्ग्रेस नेतृत्वको सरकारले पुरानै ब्यवहार देखाएको छ । गण्डकी प्रदेश मन्त्रिपरिषदले प्रदेशसभाका पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक र सुविधाका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७४ लाई संशोधन गर्ने गरी प्रदेशसभामा पेस गर्न स्विकृती दिएको छ । यो ऐन संशोधन भएपछि प्रदेशसभामा प्रतिनिधित्व गर्ने साना दल राष्ट्रिय जनमोर्चा र जनता समाजवादी पार्टीले पनि सचेतक तथा दलको नेताको हैसियतमा सुविधा पाउनेछन् । निर्वाचनमा थ्रेसहोल्ड कटाउन नसेका कारण जनमोर्चाले राष्ट्रिय दलको मान्यता पाएको छैन। त्यस्तै गण्डकी प्रदेशमा जसपाले पनि दलको मान्यता पाएको छैन ।

ऐनले दलको मान्यता समेत नपाएका उनीहरूलाई सेवा सुविधान दिन अवरोध गरेपछि सरकारले ऐन नै परिवर्तन गरेको छ। अब उनीहरुले पनि प्रमुख सचेतक र सचेतकले पाउने गाडीलगायतका सुविधा पाएका छन् । संघीय संसदमा राष्ट्रिय मान्यता पाउन नसकेका कुनै पनि दलले यस्तो सुविधा पाउँदैनन् । संघीय कानुनको विपरीत बनेको प्रदेशको कानुन खारेज हुने संविधानमा ब्यवस्था हुँदाहुँदै ऐन संशोधन गर्न खोज्नु बलमिच्याँई हो । अहिले पुर्व पदाधिकारी देखाएर सबैलाई खुशी पार्न राज्यकोषबाट सुविधा बाडिचुडी खाने काम हो ।यस्तो कामले सरकार र दल मात्र होइन प्रणालीकै बद्नाम गराउनेछ। प्रणाली जोगाउन पुर्व पदाधिकारी र सदनका ठूला साना सबैले सुविधा लिने काम अबिलम्ब फिर्ता लिनुपर्छ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : ब्यापारमा लाभ | तुला | : सम्मान मिल्नेछ |
| वृष | : शत्रुको भय | वृश्चिक | : अप्रत्यसित लाभ |
| मिथुन | : झमेला बड्ने | धनु | : आर्थिक समस्या |
| कर्कट | : कार्यमा सफलता | मकर | : मन चञ्चल |
| सिंह | : सहयोग मिल्नेछ | कुम्भ | : मानसिक तनाब |
| कन्या | : सत्कार मिल्नेछ | मीन | : शारीरिक झमेला |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# आँखा शिविरबाट ७५७ जना लाभान्वित

पोखरापत्र संवाददाता
बागलुङ, १७ जेठ

गलकोट नगरपालिका-७ मल्ममा सञ्चालित आँखा जाँच तथा शल्यक्रिया शिविरबाट ७५७ जना लाभान्वित भएका छन् ।

श्रीकृष्ण-भैरव आँखा उपचार केन्द्रको आयोजनामा तीन दिनसम्म चलेको उक्त शिविरमा मोतियाबिन्दु भएका ५१ जनाको निःशुल्क शल्यक्रिया गरिएको थियो। केन्द्र व्यवस्थापन समितिका सदस्यसचिव आमोदकुमार सिँहले शल्यक्रिया गरेका बिरामीलाई औषधि र चश्मा पनि निःशुल्क वितरण गरिएको जानकारी दिनुभयो । शिविरमा आएका स्थानीयवासीलाई आँखाको सुरक्षाबारे समेत जानकारी दिइएको थियो । शिविरमा श्रीकृष्ण नेत्रालय, भैरहवाका नेत्र विशेषज्ञ डा सल्मा केसीलगायत चिकित्सक/स्वास्थ्यकर्मी उपचारमा संलग्न थिए। श्रीकृष्ण नेत्रालयको प्राविधिक र घुम्टे युवा परिवार जापान शाखाको आर्थिक तथा व्यवस्थापकीय सहयोगमा शिविर सञ्चालन गरिएको केन्द्रले जनाएको छ।

यस्तै शल्यक्रिया सेवाका लागि हरि-कृष्ण आई केयर फाउण्डेशन र लायन्स क्लब अफ बुटवल, मणिउजेशले सहयोग गरेको थियो । गाउँका बिरामीलाई लक्ष्य गरी डेढ वर्षअघि मल्ममा श्रीकृष्ण-भैरव आँखा उपचार केन्द्र स्थापना गरिएको थियो ।

केन्द्रले स्थानीयस्तरमै आँखासम्बन्धी रोगको परीक्षण एवं उपचार सेवा प्रदान गर्दै आएको छ । सुरुदेखि नै केन्द्रलाई चाहिने उपकरणदेखि कर्मचारीको प्रबन्ध श्रीकृष्ण नेत्रालयले नै गर्दै आएको छ । केन्द्रबाट आँखाको जाँच र उपचार नियमित हुँदै आए पनि शल्यक्रिया सेवा भने शिविरका बेला मात्र प्रदान गर्ने गरिएको छ। नेत्र विशेषज्ञ डा सल्मा केसीले दृष्टि जाँच, चश्मा वितरण, आँखा पोल्ने, चिलाउनेलगायत आँखाको प्राथमिक उपचार केन्द्रबाट भइरहेको बताउनुभयो ।

केन्द्र सञ्चालनमा आएपछि आँखाको सामान्य उपचार गर्न, चश्मा लिन टाढा जानुपर्ने स्थानीयवासीको बाध्यता हटेको छ । गलकोटमै जन्मनुभएकी डा केसीले केन्द्र स्थापनाका लागि विशेष पहल लिनुभएको थियो । खाली रहेको रेडक्रस भवनबाट अहिले केन्द्र सञ्चालन भइरहेको भए पनि पछि आफ्नै भवन बनाएर अस्पतालकै रुपमा स्तरोन्नति गर्ने योजना रहेको व्यवस्थापन समितिका अध्यक्ष लोकबहादुर थापाले बताउनुभयो ।

# बजेट निर्माण वडा भेला सुरु

पोखरापत्र संवाददाता
दमौली, १७ जेठ

व्यास नगरपालिकाले आगामी आवको बजेट, नीति तथा कार्यक्रम निर्माणका लागि वडा भेला गरी सुझाव लिन सुरु गरेको छ। आव २०७९/८० को बजेट, नीति तथा कार्यक्रम निर्माणका लागि नगरपालिकाले वडावासीको सुझाव सङ्कलन गर्न वडा भेला सुरु गरेको हो ।

व्यासले वडा नं १ बाट सोमबारदेखि वडा भेला सुरु गरेर वडावासीको सुझाव लिन सुरु गरेको नगरप्रमुख वैकुण्ठ न्यौपानेले बताउनुभयो । नगरपालिकाको नीति, कार्यक्रम र बजेटमा नगरवासीको अपनत्व कायम गराउन सबै वडामा भेला गरी सुझाव सङ्कलन गरिने न्यौपानेले बताउनुभयो । जेठ २७ गतेसम्म सबै वडामा सुझाव सङ्कलन कार्यक्रम गरिने नगरपालिकाले जनाएको छ । मंगलबार जेठ १७ गते वडा नं २ र १३, १९ गते वडा नं ३ र १२, २३ गते वडा नं ४ र ११, २४ गते वडा नं ५ र ६, २५ गते वडा नं ७ र ८, २७ गते वडा नं १० र ९ गते सुझाव सङ्कलन गरिनेछ। यसैगरी जेठ २१ गते व्यास नगरपालिकामा योजना तर्जुमा गोष्ठी आयोजना गरिनेछ। सुझाव सङ्कलन कार्यक्रममा निवर्तमान एवं पूर्व जनप्रतिनिधि, राजनीतिक दलका प्रतिनिधि, प्रत्यासी उम्मेदवार, टोल विकास संस्था, आमा समूह प्रतिनिधि, क्याम्पस विद्यालय प्रतिनिधि, अन्य सङ्घसंस्थालाई सहभागी हुन आग्रह गरिएको छ। यसैगरी शुक्लागण्डकी नगरपालिकाले किसान सूचीकरण कार्यक्रम सञ्चालन गर्ने भएको छ । नगरपालिकाका उपप्रमुख खुमबहादुर विकले उक्त कार्यक्रम सञ्चालन गर्ने निर्णय गर्नुभएको हो। कार्यक्रमअन्तर्गत यस आर्थिक वर्षमा वडा नं १०, ११ र १२ मा किसानलाई सूचीकरण गरिनेछ । आगामी आवमा नगरपालिकाका अन्य वडामा यो कार्यक्रम विस्तार गरिने उहाँले बताउनुभयो। किसान सूचीकरण कार्यक्रमअन्तर्गत वास्तविक किसानको सूचीकरण गरी अनुदानलगायतका सुविधा वास्तविक किसानलाई प्रदान गर्ने उद्देश्य राखिएको छ। कृषि पेशालाई सम्मानजनक पेशाको रूपमा स्थापित गर्दै युवाहरूलाई आधुनिक तथा व्यावसायिक कृषिमा जोडिने विकले बताउनुभयो। नगरपालिकालाई कृषि उत्पादनमा आत्मनिर्भर बनाउन यो कार्यक्रमले भूमिका खेल्ने विकले विश्वास व्यक्त गर्नुभयो।

# बाढीपहिरोको जोखिम र पाठ्यपुस्तक अभावले विद्यार्थी घट्दै

– नवीन लामिछाने
मनाङ, १७ जेठ

मनाङमा गत वर्ष बाढीपहिरोले धेरै क्षति पुर्‍यायो। बर्षाको पछिल्लो अवस्थाले बाढीपहिरोको असर यस वर्ष अझ बढी विद्यालय र विद्यार्थीमा देखिने भएको छ । विद्यालय क्षेत्र तथा बस्तीमा बाढीपहिरोको जोखिमका कारण यहाँका अभिभावकले बालबालिका अन्यत्र सार्न थालेका छन् ।

जिल्लामा बाढीपहिरोका कारण अभिभावकले विद्यार्थी आफन्तकोमा राखेर अध्यापन गराउन विद्यालय परिवर्तन गर्न थालेको लोकप्रिय माध्यमिक विद्यालय चामेका प्रधानाध्यापक कृष्णदास कोइरालाले बताउनुभयो। "बाढीपहिरोको जोखिम अझै पनि छ, कतिपय निजी आवास निर्माण हुन सकेका छैनन् । अभिभावकले बाढीपहिरो आए आफू भागौंला तर बालबालिका भाग्न सक्दैनन् भनेर अन्यत्रै आफन्तकोमा राखेर पढाउने भएकाले विद्यार्थी घट्दो अवस्थामा रहेका छन्," प्रअ कोइरालाले भन्नुभयो । साथै पाठ्यपुस्तक अभावले पठनपाठनमा अझ समस्या थपिएर पठनपाठन सकस भएको उहाँ बताउनुहुन्छ।

मनाङमा शैक्षिक सत्र आधा सकिन लागेको छ। तर, विद्यार्थीको पठनपाठन राम्रोसँग हुन सकेको छैन । विद्यार्थीहरू विद्यालय आए पनि पुस्तक जिल्लामा आइनपुग्दा पठनपाठनमा सकस भएको कोइरालाले बताउनुभयो । उहाँका अनुसार पुस्तकका 'टपिक्स डाउनलोड' गरी सम्भव भएसम्म विद्यार्थीहरूलाई प्रिन्ट गरेर दिँदै पठनपाठन हुँदै आएको छ। "टपिक्स डाउनलोड गर्ने र फोटोकपी गरेर पठनपाठनलाई अगाडि बढाएका छौं, महाविपत्तिले त्रास नै त्रासमा पठनपाठन गराइरहेको अवस्थामा पाठ्पुस्तकको अभावले समस्या थपिएको छ," कोइरालाले भन्नुभयो । लोकप्रिय माध्यमिक विद्यालय कक्षा १० मा अध्ययनरत छात्रा सरिता गुरुङ पाठ्यपुस्तक नपाउँदा पुस्तक हेरेर गृहकार्य गर्न समस्या भएको बताउनुहुन्छ । शिक्षकले सकेको सहज बनाउन खोजे पनि पुस्तकमा हेरेर पठनपाठन गर्न नपाउँदा अध्ययनमा समस्या थपिएको उहाँ बताउनुहुन्छ । "शिक्षकले दिएका होमवर्क गर्दा पुस्तक हेर्न नपाउँदा समस्या हुन्छ, शिक्षकले पढाएका तर घरमा पुस्तक हेर्न नपाउँदा होमवर्क गर्न समस्या हुन्छ", उहाँले भन्नुभयो । लोकप्रिय मावि कक्षा १० मा अध्ययनरत छात्र जयराम थापाले नयाँ शैक्षिक सत्र शुरु भए पनि पुस्तक अभावमा शिक्षकले विभिन्न माध्यमबाट पठनपाठन अगाडि बढिरहेको बताउनुभयो । शिक्षकले पुस्तकको 'हेन्सआउट' दिने गरेकाले पठनपाठनमा समस्या खासै नभएको उहाँको भनाई छ । प्रकाश ज्योति माध्यमिक विद्यालयका प्रधानाध्यापक जगराम विश्वकर्माले गतवर्षको बाढीपहिरोले विद्यालयको क्षतविक्षत भएको र दुई शौचालय, एउटा हल क्षति भएपछि बर्षायाममा त्रास रहेको बताउनुभयो। प्राकृतिक विपत्तिको जोखिम न्यूनीकरणका लागि लागिरहेको भए पनि अभिभावकले विद्यार्थी अन्यत्र लैजाने क्रम जारी रहेको विश्वकर्माले बताउनुभयो । "अभिभावकले बालबालिकालाई जोखिममा पढाउन नसक्ने भन्दै अन्यत्र लैजाने प्रक्रियाका लागि आउने गर्नुभएको छ। जोखिमपूर्ण अवस्थाबाट जोगाउँदै विद्यार्थीलाई सहज बनाउन सम्बन्धित निकायले ध्यान दिनुपर्छ । तर, बाढीपहिरोको जोखिमले विद्यार्थी घट्दो अवस्थामा रहेको छ," उहाँले भन्नुभयो । विद्यालयका प्रधानाध्यापक श्याम पन्थीले गत वर्षको बाढीले मनाङवासीलाई त्रसित बनाएको बताउनुभयो । "बाढीपहिरोले क्षति पुगेको निजी आवास अभिभावकले बनाउन सकेका छैनन् । यसवर्ष पनि बाढीपहिरोले त्रास हुने हो कि भन्ने अवस्था रहेको छ। अभिभावकहरू बाढीको त्रासले बालबालिकालाई अन्यत्र सार्ने गरेका छन्", पन्थीले भन्नुभयो।

विद्यालयमा बालबालिकाको सङ्ख्या घट्दो अवस्था रहेको उहाँ बताउनुहुन्छ । "विद्यालय क्षेत्रमा तटबन्धन गरिएको छैन, विद्यालयका तीन वटा कक्षा यस शैक्षिक सत्रमा खाली भएको छ । अभिभावकले आफ्ना आफन्तको राखेर पढाउनका लागि लैजाने भएकाले विद्यालय नै शून्य हुने अवस्थामा पुगेको छ," प्रधानाध्यापक पन्थीले भन्नुभयो । बाढीको त्रासलाई न्यूनीकरण गर्नुपर्ने, विद्यालय परिसरको संरक्षण र सुरक्षित बनाउन सङ्घ, प्रदेश र स्थानीय सरकारले प्राथमिकता दिन सके विद्यालयमा विद्यार्थी फर्काउन सकिने अपेक्षा गरिएको छ।

शिक्षा विकास तथा समन्वय एकाईका प्रमुख मतिलाल चपाईले नयाँ शैक्षिक सत्र सुरु भइसक्दासम्म पनि जिल्लामा आवश्यक पाठ्यपुस्तक आइनपुगेको बताउनुभयो । जनक शिक्षा सामग्री केन्द्रले मनाङका लागि आंशिक पाठ्यपुस्तक पठाएको खबर भने पाएको उहाँ बताउनुहुन्छ । "आंशिक पाठ्यपुस्तकले पनि विद्यार्थीको पठपाठनमा सहयोग पुग्ने अपेक्षा गरेका छौं," उहाँले भन्नुभयो।

विकट क्षेत्रमा बाढीपहिरोको जोखिम र पाठ्यपुस्तक समयमा पुग्न नसक्नुले शैक्षिक सत्र सुरु हुनु अगावै विद्यार्थीहरू अन्यत्र सर्ने प्रक्रियाले जिल्लामा विद्यार्थी घट्ने क्रममा छ।


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो॥

## हार्दिक समवेदना



जन्मः
वि.सं. १९९९/०१/१५ गते

स्वर्गारोहणः
वि.स. २०७९/०२/१५ गते

**स्व. जगतकुमारी कार्की**

हाम्री कुलबधु ममतामयी आमा **जगतकुमारी कार्की** को ८१ वर्षको उमेरमा ब्रह्मलिन हुनु भएकोमा सुतार कार्की परिवार दुःखी र मर्माहत भएको छ। आमाको दिवंगत आत्माको बैकुण्ठवासको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै छोरा बुहारी (यस समितिका अध्यक्ष तथा आजीवन सदस्यहरु) क्रमशः दुर्गाबहादुर कार्की/ पार्वती कार्की, कृष्णबहादुर कार्की/पार्वती कार्की र गणेशबहादुर कार्की / मन्जु कार्की तथा शुभचिन्तक छोरी ज्वाइँ जमुना कार्की/ लिप्त बहादुर थापा, राधिका कार्की/ धर्मराज भण्डारी परिवारमा हार्दिक समवेदना प्रकट गर्दै धैर्यधारणा गर्ने शक्ति मिलोस भनि ईश्वरसँग प्रार्थना गर्दै हार्दिक समवेदना प्रकट गर्दछौं।

**डा. झलकबहादुर कार्की**
**उपाध्यक्ष तथा सम्पूर्ण कार्की परिवार**
**सुतार कार्की कुल संरक्षण समिति**
**पोखरा मनपा वाड नं. १२ ढिकालेथर, कास्की**

# एक महिनाको पारिश्रमिक विपद् कोषमा

**पोखरापत्र संवाददाता**
**दमौली, १७ जेठ**

तनहुँको म्याग्दे गाउँपालिकाका जनप्रतिनिधिले विपद् व्यवस्थापन कोष स्थापनाका लागि प्रत्येक वर्ष एक महिनाको पारिश्रमिक प्रदान गर्ने निर्णय गरेका छन् ।

उक्त कोषको रकम विपद्को बेला हुनसक्ने क्षति न्यूनीकरणका लागि प्रयोग गरिने प्रमुख प्रशासकीय अधिकृत नारायणप्रसाद अधिकारीले बताउनुभयो ।

गाउँपालिकाले सामुदायिक विद्यालयका 'एक शिक्षकः एक ल्यापटप' पाँच वर्षभित्र कार्यान्वयन गर्ने, नयाँ आवधिक योजना, पर्यटन, सडक गुरुयोजना, कानुन निर्माण, गरिब विपन्न जेहेन्दार तथा लक्षित विद्यार्थीलाई छात्रवृत्ति कोष स्थापना गर्ने, अति गरिब विपन्न आवास निर्माण गर्ने, सबै लिफ्टिङ खानेपानीको विद्युत् महसुल गाउँपालिकाले तिरिदिने निर्णय समेत गरेको छ ।

गाउँपालिकाले गरिबी, बेरोजगारी, विदेश पलायन र बसाइँसराइ नियन्त्रणका लागि एक घरः एक व्यवसाय कार्यक्रम सञ्चालन गर्ने, अधुरा तथा क्रमागत योजनासहित अपूरा रहेका ल्याण्डफिल्ड साइड, औद्योगिक ग्राम, खेलमैदान निर्माण सञ्चालन गर्ने, थर्पु दश शय्या अस्पतालमा एमबिबीएस चिकित्सकसहित प्रभावकारी उपचार थालनी गर्ने, अध्यक्ष र उपाध्यक्षसँग जनता कार्यक्रम मासिकरूपमा वडामा सञ्चालन गर्ने, युवा दुर्व्यसनी युवालाई सेवन गर्न छाडेको पारिवारिक घोषणाका आधारमा पोषण अनुदान दिने निर्णय गरेको छ ।

यस्तै जटिल प्रकृतिका अपाङ्गता भएका व्यक्ति र कडा मानसिक रोगीलाई वार्षिक १५ हजार आर्थिक सहायता प्रदान गर्ने भएको गाउँपालिकाका अध्यक्ष श्रीप्रसाद श्रेष्ठले जानकारी दिनुभयो । गाउँपालिकाका ६ वटै वडाका जटिल अपाङ्गता भएका व्यक्ति र मानसिक रोगीलाई उक्त सहायता प्रदान गर्ने निर्णय भएको हो ।

गाउँपालिकाले ज्येष्ठ नागरिक र पूर्ण अपाङ्ग तथा कडा मानसिक रोगीलाई टोल-टोलमै पुगेर स्वास्थ्योपचार गर्ने निर्णय गरेको छ । महिनामा एकपटक विकट बस्तीमा आँखा शिविर, स्वास्थ्य, घुम्ती सेवा प्रदान गर्ने निर्णय गरिएको छ । त्यस्तै सुत्केरी, पूर्ण अपाङ्ग, जटिल मानसिक रोगी र अशक्त ज्येष्ठ नागरिकलाई निःशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराउने निर्णय भएको छ । गाउँपालिकाले स्मार्ट तथा नगरोन्मुख गाउँपालिका निर्माण गर्ने, कार्यालयमा नै बैंक खाता खोल्ने, वातावरणमैत्री, बालमैत्री, अपाङ्गतामैत्री, महिलामैत्री स्थानीय शासन कार्यान्वयन गर्ने, ठूला पूर्वाधारतथाबहुवर्षीयदीर्घकालीन गौरवका योजना सञ्चालन गर्ने निर्णय गरेको छ ।

हाल भइरहेको चालु खर्चमा १० प्रतिशतले कटौती गरी पूँजीगत बजेट वृद्धि गर्ने, फोहरमैला सङ्कलन तथा व्यवस्थापन र टिपर प्रयोग गर्ने, लागत साझेदारीमा भित्री सडक कालोपत्र गर्ने, गाउँपालिकाको दोहोरो प्रवेश विन्दुमा प्रवेशद्वार निर्माण गर्ने निर्णय भएको गाउँपालिकाले जनाएको छ ।


## ऋणी सदस्यहरुलाई ऋण चुक्ता गर्न आउने बारे ३५ दिने सूचना

(प्रथम पटक प्रकाशित मिति २०७९/०२/१८)

**यस संस्थाबाट तपशिलमा उल्लेखित सदस्यहरुले अचल सम्पत्ति धितो सुरक्षण राखी ऋण लिनु भएकोमा उक्त ऋण रकमको नियमित रुपमा संस्थालाई तिर्नु बुझाउनुपर्ने साँवा, व्याज एवं हर्जाना व्याज समय भित्र नतिरी, नबुझाई यस संस्थासंग गर्नुभएको सम्झौता उल्लंघन गरी बस्नु भएको र पटक-पटक मौखिक, लिखित तथा पत्रिका मार्फत सार्वजनिक सूचना जानकारी गराउदा समेत ऋण चुक्ता गर्न कुनै चासो नदेखाई आलटाल गरी आफुले बुझाउनुपर्ने रकम बुझाउन कुनै पहल गरेको नपाईएको हुँदा यो सूचना प्रकाशित गरीएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र यस संस्थालाई बुझाउनु पर्ने सम्पूर्ण साँवा, व्याज, हर्जाना व्याज तथा अन्य दै-दस्तुर रकम बुझाउनु होला। अन्यथा तपाई ऋणी तथा जमानत बस्ने सदस्यहरुले यस संस्थालाई ऋण सुरक्षण बापत लेखी लेखाई दिएको श्रीसम्पत्ति सहकारी ऐन, नियमावली, संस्थाको विनियम तथा संस्थाको ऋण लगानी तथा असुली नीति बमोजिम लिलाम बिक्री गरी संस्थाको लेना रकम असुल उपर गर्ने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराईन्छ।**

**तपशिल :**

| क्र.सं. | ऋणी सदस्य एवं धन जमानतको नाम थर | धितो विवरण |
|---|---|---|
| १ | • बाल नरसींह थापाको बुहारी बम बहादुर थापाको श्रीमती तनहुँ जिल्ला बन्दीपुर गा.बि.स. वडा नं.- १ घर भई हाल ब्यास न.पा. वडा नं. २ बस्ने<br>ऋणी : चिज कुमारी थापा<br>• नर बहादुर थापाको नाति बाल नरसींह थापाको छोरा तनहुँ जिल्ला बन्दीपुर गा.बि.स. वडा नं.- १ घर भई हाल ब्यास न.पा. वडा नं. २ बस्ने<br>धन जमानत : बम बहादुर थापा | चिजकुमारी थापा को नाममा मालपोत कार्यालय तनहुँमा दर्ता श्रेस्ता कायम रहेको फराकचौर गा.बि.स.९ को कित्ता नं १७८६,१८१५,१८१८,१८२० र १७६९ को क्षेत्रफल ०-१-२-१, ०-५-०-०,०-२-२-०,०-९-०-२ र ०-२-२-० को जग्गा |
| २ | • गम बहादुर तिवारीको नाति श्री बहादुर तिवारीको छोरा कास्की जिल्ला माझठाना गा.बि.स. वडा नं. ७ घर भई हाल पोखरा म.न.पा. वडा नं. २८ बस्ने<br>ऋणी : सागर तिवारी<br>• श्री बहादुर तिवारीको बुहारी सागर तिवारीको श्रीमती कास्की जिल्ला माझठाना गा.बि.स. वडा नं. ७ घर भई हाल पोखरा म.न.पा. वडा नं. २८ बस्ने<br>धनजमानत : सुनिता अधिकारी तिवारी | सागर तिवारी को नाममा मालपोत कार्यालय लेखनाथ कास्कीमा दर्ता श्रेस्ता कायम रहेको माझठाना गा.वि.स. वडा नं. ७ को कित्ता नं.३७४,४२१,८६४ को क्षेत्रफल १-०-०-१, १-१२-२-२ र १-१०-२-२ को जग्गा |
| ३ | • हरिलाल सुनारको बुहारी निर्मल बहादुर सुनारको श्रीमती कास्की जिल्ला निर्मलपोखरी गा.बि.स. वडां नं ९ घर भई हाल पोखरा म.न.पा. वडां नं २९ बस्ने<br>ऋणी : दुर्गा कुमारी सुनार<br>• गिरमान कामीको बुहारी विरे कामीको श्रीमती कास्की जिल्ला पुरुन्चौर गा.बि.स. वडां नं १ घर भई हाल पोखरा म.न.पा. वडां नं २९ बस्ने<br>धन जमानत : मया कामी | दुर्गा कुमारी सुनार को नाममा मालपोत कार्यालय लेखनाथ कास्कीमा दर्ता श्रेस्ता कायम रहेको शिशुवा गा.बि.स.वडां नं २ को कित्ता नं ११२१८ को क्षेत्रफल ०-४-२-३ को जग्गा |
| ४ | • गिरमान कामीको नाती बिरे कामीको छोरा कास्की जिल्ला पुरुन्चौर गा.बि.स. वडा नं. १ घर भै हाल पोखरा म.न.पा. वडा नं. २९ बस्ने<br>ऋणी : रुद्र बहादुर बि.क.<br>• बिरे कामीको बुहारी रुद्र बहादुर बि.क.को श्रीमती पोखरा म.न.पा. वडा नं. २९ बस्ने<br>धनजमानत : मेनुका बि.क. | रुद्र बहादुर बि.क.को नाममा मालपोत कार्यालय लेखनाथ कास्कीमा दर्ता श्रेस्ता कायम रहेको शिशुवा गा.बि.स. वडा नं. १ सिट नं. ०९४११६६४ को कित्ता नं. १२४५० को क्षेत्रफल ०-८-०-० को जग्गा |
| ५ | • गिरमान कामीको बुहारी बिरे कामीको श्रीमती कास्की जिल्ला पुरुन्चौर गा.बि.स. वडा नं. १ घर भै हाल पोखरा म.न.पा. वडा नं. २९ बस्ने<br>ऋणी : मया कामी<br>• बिरे कामीको बुहारी चिरञ्जीवी सुनारको श्रीमती पोखरा म.न.पा. वडा नं. २९ बस्ने<br>धनजमानत : सुजाता सुनार | मया कामी को नाममा मालपोत कार्यालय लेखनाथ कास्कीमा दर्ता श्रेस्ता कायम रहेको शिशुवा गा.बि.स. वडा नं. १ सिट नं. ०९४११६६४ को कित्ता नं. १२४५१ को क्षेत्रफल ०-८-०-० को जग्गा |
| ६ | • तोक बहादुर कार्कीको बुहारी बाबुराम कार्कीको श्रीमती कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. २९ बस्ने<br>ऋणी : दानु कुमारी बस्नेत कार्की<br>• बल बहादुर कार्कीको नाती तोक बहादुर कार्कीको छोरा कास्की जिल्ला काहुँ गा.बि.स. वडा नं.९ घर भै हाल पोखरा म.न.पा. वडा नं. २९ बस्ने<br>धनजमानत : बाबुराम कार्की | दानु कुमारी बस्नेत कार्की को नाममा मालपोत कार्यालय लेखनाथ कास्कीमा दर्ता श्रेस्ता कायम रहेको शिशुवा गा.बि.स. वडा नं. २ सिट नं. ०९४११२६०१ को कित्ता नं. ७८४६ को क्षेत्रफल ०-४-०-३ र कित्ता नं. ३३५७ को क्षेत्रफल २-०-०-० को जग्गा |
| ७ | • मान बहादुर सार्कीको नाती लाल बहादुर सार्कीको छोरा तनहुँ जिल्ला व्यास न.पा वडा नं. ११ बस्ने<br>ऋणी : दल बहादुर सार्की<br>• लाल बहादुर सार्कीको बुहारी दल बहादुर सार्कीको श्रीमती तनहुँ जिल्ला व्यास न.पा वडा नं.११ बस्न धनजमानत : राम माया सार्की<br>• लाल बहादुर सार्कीको नातिनी दल बहादुर सार्कीको छोरी तनहुँ जिल्ला व्यास न.पा वडा नं.११ बस्ने<br>धनजमानत : संगीता बोहोरा | दल बहादुर सार्कीको नाममा मालपोत कार्यालय तनहुँमा दर्ता श्रेस्ता कायम रहेको फराकचौर गा.वि.स.वडा नं.६/ङ कित्ता नं २८६, ३५० को क्षेत्रफल २-७-०-०, १-७-०-० को जग्गा |

**नोट : यस संस्थाबाट ऋण लिई ऋणको किस्ता नियमित नगर्ने अन्य सदस्यहरुलाई समेत यसै सूचनाद्धारा ऋण नियमित गर्नुहुन जानकारी गरिन्छ। अन्यथा यसै अनुसार कानुनी प्रक्रिया मार्फत लेना रकम असुल उपर गर्न संस्था बाध्य हुनेछ।**

पोखरा रोयल बचत तथा ऋण सहकारी संस्था लिमिटेड
Pokhara Royal Saving & Credit Co-operative Society Limited
प्रधान कार्यालय: पोखरा-१०, बुद्धचोक, कास्की
फोन नं.: ०६१-५३८८३३


# वीरेन्द्र-ऐश्वर्य उद्यान अन्तिम चरणमा

**पोखरापत्र संवाददाता**
**गलेश्वर, १७ जेठ**

बागलुङ बजारभित्र अवस्थित वीरेन्द्र-ऐश्वर्य उद्यान पुनःनिर्माण अन्तिम चरणमा पुगेको छ । अहिले उद्यानमा फूलका विरुवा र दुबो रोप्ने, ढुङ्गा छाप्ने र विद्युतीकरणको काम भइरहेको छ ।

लामो समयदेखि अस्तव्यस्त बनेको उद्यानलाई नयाँ र आधुनिक शैलीमा पानीको फोहोरासहित पुनःनिर्माण थालिएको थियो । उद्यान पुनःनिर्माणको अहिले ६६ प्रतिशत काम पूरा भइसकेको छ भने एक महिना ठेक्का म्याद थपेर बाँकी काम सम्पन्नपश्चात नगरपालिकाले लिने गरी काम भइरहेको बागलुङ नगरपालिकाका इञ्जीनियर सोविन घर्तीले जानकारी दिनुभयो । "पूर्वाधार निर्माणको काम सबै सकिएको छ, अहिले विद्युतीकरण, फूल रोप्ने, दुबो लगाउने तयारीमा छौं", उहाँले भन्नुभयो, "असार मसान्तसम्म सबै काम सकिनेछ, उद्यान निकै पृथक र आधुनिक शैलीमा निर्माण भएको छ, बागलुङ आएका पर्यटकलाई समेत यसले आकर्षण गर्ने छ ।" स्थानीय सुमन रानाले भन्नुभयो "बागलुङ बजारमा एकैछिन विश्राम गरौं भन्ने कुनै ठाउँ थिएन, उद्यान कुरुप बनेपछि झनै समस्या थियो, यो कोलाहल बिर्साउने ठाउँका रुपमा विकास भएको छ", रानाले भन्नुभयो ।

नगरपालिकाले एए कन्स्ट्रक्शनसँग रु ८४ लाखमा चार महिनामा उद्यान पुनःनिर्माण गर्ने गरी ठेक्का सम्झौता गरिएको थियो । गत वैशाख ३ गतेसम्म सक्नुपर्ने उद्यान अहिले असारसम्म म्याद थपेर काम सक्ने निर्माण कम्पनीको तयारी छ। तत्कालीन राजा वीरेन्द्र र रानी ऐश्वर्यको सालिकसहित उद्यानको सौन्दर्यकरण तथा स्थापना गरिएको थियो। विसं २०६२/६३ को जनआन्दोलनको क्रममा उद्यानभित्रका वीरेन्द्र-ऐश्वर्यको सालिक फुटाइएपछि उद्यान क्रमशः कुरुप हुँदै आएको थियो।

उद्यानको मुख्य भागमा पानीको फोहोरा र विद्युतीकरण हुनेछ भने पदमार्गमा ताराखोलाको स्लेटढुङ्गा छापिएको छ। उद्यान वरपर विभिन्न फूल र बिरुवा रोपिने छ । उद्यान पुनःनिर्माण अन्तिम चरणमा पुगेपछि बागलुङ बजारवासी खुसी भएका छन् ।

# कृषिमैत्री बजेट आएको भन्दै किसान खुसी

**पोखरापत्र संवाददाता**
**म्याग्दी, १७ जेठ**

सरकारले कृषिमैत्री बजेट ल्याएको भन्दै म्याग्दीका किसान खुसी र उत्साहित भएका छन् । यो बजेट कार्यान्वयन भएमा कृषि कर्ममा लाग्नेलाई ठूलो राहत मिल्ने किसानको विश्वास छ।

बेनी नगरपालिका- २ खबरामा तरकारी खेती गर्दै आउनुभएका जिल्लाका अगुवा किसान चन्द्रबहादुर कार्कीले सरकारले यस पटकको बजेटमा कृषि क्षेत्रमा प्राथमिकता दिई किसानलाई विभिन्न सहयोग र अनुदानका साथै कृषि पेन्सनको व्यवस्था गरेकोमा प्रशन्नता व्यक्त गर्दै कार्यान्वय भएमा किसानले ठूलो राहत पाउन सक्ने बताउनुभयो । त्यसैगरी अर्का किसान शोभित सापकोटाले बजेट कृषिमैत्री रहेकोमा खुसी व्यक्त गर्दै किसानलाईलाई प्रोत्साहित गर्ने खालको बजेट कार्यान्वयन राम्रोसँग भएमा किसानको अवस्थामा सुधार हुने विश्वास व्यक्त गर्नुभयो । सापकोटाले टाठाबाठा र पहुँच हुनेका लागि मात्र भन्दा पनि वास्तविक रूपमा कृषि उत्पादनमा लागेकाका लागि बजेटको सही सदुपयोग हुनुपर्छ भन्नुभयो । सरकारले यस पटकको बजेटमा किसानलाई पेन्सन, कृषि एम्बुलेन्स सञ्चालन लगायतका अति महत्वपूर्ण कार्यक्रम ल्याएको बताउँदै उहाँले यी कार्यक्रम कार्यान्वयन भएमा कृषि क्षेत्रमा नयाँ क्रान्तिको सुरुवात हुने विचार व्यक्त गर्नुभयो । मङ्गलाका किसान विष्णु पौडेलले पनि बजेट वक्तव्यमा किसानका लागि थुप्रै कार्यक्रम आएको बताउनुभयो ।"यसले कम्तीमा पनि हामी खेतबारीमा काम गर्ने वास्तविक किसानका लागि राहत मिल्नुपर्छ", उहाँले भन्नुभयो । अनुदान लिनदेखि लिएर कृषि उपकरण एवं औंजार पाउनेसम्म पनि राजनीतिक दलका नेताको फेरो समाउनुपर्ने अवस्थाको अन्त्य गरेर बजेट कार्यान्वयनमा इमान्दारी र निष्पक्षता अपनाउनुपर्नेमा उहाँले जोड दिनुभयो । सङ्घीय संसद्को संयुक्त बैठकमा आगामी आर्थिक वर्ष २०७९/८० को बजेट प्रस्तुत गर्दै आइतबार अर्थमन्त्री जर्नादन शर्माले कृषि क्षेत्रमा ५५ अर्ब ९७ करोड विनियोजन गरेको जानकारी दिनुभएको थियो । आर्थिक वर्ष २०७८/७९ मा कृषि तथा पशुपक्षी तर्फ ४५ अर्ब ९ करोड रकम विनियोजन भएको थियो । यस पटकको बजेटमा आएका किसानलाई पेन्सन कार्यक्रम, बाँझो जमिन लिएर खेती गर्ने, दूधको समर्थन मूल्य, कोल्ड स्टोर बनाउने, कृषि वस्तुको आयात घटाउने, उखुको कार्यक्रम, मेड इन नेपाल जस्ता कार्यक्रम कृषिमैत्री रहेका यहाँका किसानले बताएका छन् ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पोखरा महानगरपालिका वडा नं. १७ सितलपथ लेन ५ सडक निर्माण कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।**

**योजनाको नामः सितलपथ लेन ५ सडक निर्माण**
**स्थानः सितलपथ, छोरेपाटन,पोखरा-१७ कास्की**
**योजना सम्झौता मिति : २०७८/१२/१६ गते**
**योजना सम्पन्न मितिः २०७९/०२/२५ गते**
**योजनाको कुल लागत : रु. ७,१४,२८५।७१**
**महानगरपालिकाबाट प्राप्त हुने रकम : रु.५,००,०००।-**
**जन सहभागितावाट : रु.२,१४,२८५।७१**
**उपभोक्ता समिति अध्यक्षः विष्णु कुमारी गुरुङ**
**सचिवः रामचन्द्र खत्री, कोषध्यक्षः शुनिल श्रेष्ठ**
**सदस्यः चित्र बहादुर खत्री, कल्पना मान्धर, सरोज बराल, लोकमान ताम्राकार**

**सितलपथ लेन ५ सडक निर्माण उपभोक्ता समिति**
**पोखरा-१७, कास्की**

## Phedikhola Rural Municipality
## Office of Rural Municipal Executive
## Phedikhola, Syangja
## Gandaki Province, Nepal

## Notice for the Letter of Intent

**(First Publication Date: 1st of June, 2022)**

Pursuant to Sub Clauses 27.2 and 27.3 of Public Procurement Act 2063 and its revision, this is to notify all the bidders who submitted their bids for the contract identification No.: *PRM-W-NCB-36-IMP-078-79* as per the Invitation for Bids published in the national daily newspaper "Pokharapatra" on 26th of April, 2022, that the following listed Lowest Evaluated and Substantially Responsive Bidder has been selected to award the contract. This notice is published for the purpose of clause 47 of Public Procurement Act 2063 and its revision.

| Contract ID No., Name of Works | Lowest Evaluated Substantially Responsive Bidder | Bid Price NRs. (Including P.S. and VAT) |
|---|---|---|
| PRM-W-NCB-36-IMP-078-79, Improvement of Khadketari Bange Panchase Dobilla Rural Road Chainage 2+670 to 4+000 at Ward No. 3 of Phedikhola Rural Municipality | M/S KOIRALA NIRMAN SEWA, PUTALIBAZAR-10, SYANGJA | 3,518,007.45 |